**सर्वोच्च अदालत, संयुक्त इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की**

**माननीय न्यायाधीश श्री ईश्वर खतिवडा**

**आदेश**

**०७१-WO-०४२२**

मुद्दाः उत्प्रेषण ।

| | | |
|---|---|---|
| पृथ्वी बहादुर पाण्डे समेत ...........................................................१ | | **निवेदक** **वादी** |

**विरुद्ध**

| | | |
|---|---|---|
| काठमाडौं जिल्ला अदालत, बबरमहल समेत ........................................१ | | **विपक्षी** **प्रतिवादी** |

यसमा Note Printing Australia Limited ले नोट छाप्ने क्रममा भ्रष्टाचारजन्य कार्य भएको सन्दर्भमा सम्वद्ध केही व्यक्तिहरुको बैंकिङ्ग कारोबार सम्बन्धी जानकारी अनुसन्धान प्रयोजनको लागि अस्ट्रेलियन सरकारको तर्फबाट कूटनीतिक माध्यमबाट अनुरोध भई आए अनुसार पारस्पारिक सहयोगका दृष्टिले माग भएबमोजिमको विवरण उपलब्ध गराउन पारस्पारिक कानूनी सहायता ऐन, २०७० को दफा ३१ बमोजिम काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।७।१७ मा अनुमति प्रदान भएको देखियो।

United Nations Convention Against Corruption, 2003 लगायतका संगठित अपराध नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीमा भएका प्रावधान अनुसारको दायित्व निर्वाहका दृष्टिले दुवै देश उक्त महासन्धीको पक्ष राष्ट्र भएको कारणबाट यस प्रकारको सूचना, तथ्याङ्क वा विवरणहरु उपलब्ध गराउनु वाञ्छनीय नै देखिन्छ। यस प्रकारको सूचना, जानकारीको आदानप्रदान गर्न पारस्पारिक कानूनी सहायता ऐन, २०७० को दफा ३(२), दफा ५ समेतबमोजिम कुनै बाधा पर्ने नदेखिएको र यसबाट रिट निवेदकको संविधानद्वारा प्रदत्त गोपनीयता सम्बन्धी हक लगायत अन्य कुनै प्रकारको संवैधानिक हक अधिकारमा गैरकानूनी तवरबाट आघात पारिएको मान्न मिल्ने अवस्था पनि देखिएन।

बैंक खाता सम्बन्धी विवरणको गोपनीयता निरपेक्ष (Absolute) नभई कानूनी प्रक्रियाद्वारा नियमन हुने विषय भएकोले मागबमोजिमको सूचना, जानकारी प्रदान गरिएको कारणबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७९ समेतका कुनै प्रावधान विपरीत हुन जाने अवस्था पनि देखिन आएन। अतः रिट निवेदन मागबमोजिम उत्प्रेषण लगायत कुनै प्रकारको रिट आदेश जारी गर्नु परेन। रिट निवेदन खारेज हुने ठहर्छ।

**श्रावण २३, २०७३**